आज मिति २०८१ मंसिर २ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८१ मंसिर २ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं १

पूर्व बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। चालु आव २०८१।८२ का लागि वडा समितिबाट सिफारिस भएका केही कार्यक्रमहरू अन्तिम बजेटमा छुट हुन गएकोले त्यस्ता अतिआवश्यक शिर्षकमा आगामी हिउँदे गाउँसभाबाट कार्यक्रम संशोधन गरी बजेट व्यवस्थापन गर्ने।

निर्णय नं. २

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबारको च.नं.६८ मिति २०८१।५।२० को पत्रानुसार माग भए अनुसार जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ(तिब्बत)को सहयोगमा कार्यान्वयन हुने Project Aid to Nepal कार्यक्रमका लागि निम्न आयोजनाहरुको प्रस्तावना पेश गर्ने।

१. विद्यालय भवन निर्माण (करबिर आवि, खापर आवि र त्रिभुवन मावि )
२. गुगै,मालुमेला,कुच दिपिल काप्रा खानेपानी आयोजना
३. सेती नदी नियन्त्रण
४. एक्साभेटर र ट्याक्टर

निर्णय नं ३

उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तीकरण कार्यक्रम तर्फ १० प्रतिशत गाउँपालिकाबाट स्रोत व्यहोर्ने गरी निम्न आयोजनाहरुका लागि प्रस्तावना पेश गर्ने।

१. मालुमेला शिवालय पर्यटकीय पूर्वाधार निर्माण थलारा ९ वझाङ
२. झनाना-कुच-डिखला, दंगाजी मोतिपूर कृषि सडक स्तरोन्नति वडा नं १,२,३ र ४

निर्णय नं. ४

थलारा गाउँपालिकाको कोषबाट हुने सार्वजनिक खर्चलाई व्यवस्थित मितव्ययी र औचित्यपूर्ण बनाउन सार्वजनिक खर्चको मापदण्ड र खर्च मितव्ययिता निर्देशिका तर्जुमा गर्न सुशासन तथा संस्थागत विकास समितिलाई सैद्धान्तिक सहमति दिने।

निर्णय नं. ५

थलारा गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ को समयानुकुल परिमार्जन गरी नयाँ कानून तर्जुमा गर्न सुशासन तथा संस्थागत विकास समितिलाई सैद्धान्तिक सहमति दिने।

निर्णय नं. ६

१० शैयाको अस्पतालका निर्माणका लागि जग्गा प्राप्ति कार्य भईसकेको तर चालु आ.व.मा विस्तृत परियोजना प्रतिवेदन(DPR) निर्माणका लागि सङ्घीय सरकारबाट बजेट व्यवस्थापन नभएकोले उक्त १० शैयाको अस्पतालको विस्तृत परियोजना प्रतिवेदन(DPR) तयारीका लागि गाउँपालिकाको चालु आ. ब.२०८१।८२ को विनियोजित बजेट मध्ये बचत हुने शिर्षकबाट रकमान्तर गरी बजेट व्यवस्थापन गर्न हिउँदे गाउँसभाबाट स्वीकृत गराउने गरी परामर्शदाता छनौट गर्न प्रक्रिया अगाढी बढाउने।

निर्णय नं. ७

यस थलारा गाउँपालिका, रोजगार सेवा केन्द्रका लागि प्राविधिक सहायक र दिवाखाजा कार्यक्रमका लागि गोदाम व्यवस्थापक करार सेवामा लिन भएको विज्ञापन बमोजिम तोकिएको म्याद भित्र रितपूर्वक दरखास्त पेश गरेका उम्मेदवारहरु मध्येबाट उपयुक्त उम्मेदवार छनौट गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजले तोकेको विषय विज्ञ सदस्य र प्रशासन शाखा प्रमुख सदस्य सचिव रहने गरी पदपूर्ति प्रक्रिया अगाढी बढाउने। त्यस्तै रोजगार सेवा केन्द्रका लागि रोजगार संयोजक करार सेवामा लिन भएको विज्ञापन बमोजिम तोकिएको म्याद भित्र रितपूर्वक दरखास्त पेश गरेका उम्मेदवारहरु मध्येबाट उपयुक्त उम्मेदवार छनौट गर्न डिभिजन वन अधिकृत श्री शम्भु प्रसाद तिवारीको संयोजकत्वमा निजले तोकेको विषय विज्ञ सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी पदपूर्ति समिति गठन गरी पदपूर्ति प्रक्रिया अगाढी बढाउने।

निर्णय नं. ८

चालु आर्थिक वर्ष २०८१।८२ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम वडा नं. ३ र वडा नं. ६ मा कार्यान्वयन गर्ने।

निर्णय नं ९

वडा नं. ४ स्थित भगवती बालविकास केन्द्रलाई त्रिभुवन मावि महेन्द्रधारमा समायोजन गर्ने निर्णय भएको भएतापनि वडा नं. ४ को काप्रा टोलबाट बालकक्षाका विद्यार्थीलाई आवतजावत गर्न कठिनाई भएकोले उक्त टोलमा नै बालकक्षा सञ्चालन गरे बापत यस शैक्षिक सत्रका लागि बालविकास शिक्षकको पारिश्रमिक त्रिभुवन मावि मार्फत भुक्तानी हुने गरी व्यवस्था मिलाउने।

निर्णय नं. १०

सुरक्षित नागरिक आवास कार्यक्रमको सम्झौता भई कार्यसम्पन्न गरिसकेका लाभग्राहीलाई पेश भएका कागजात तथा प्राविधिक मूल्यांकनको आधारमा उपलब्ध बजेट भित्र रही भुक्तानी दिने र बाँकी रकम बजेट व्यवस्था भएपश्चात भुक्तानी दिने।